आज मिति २०८२ साल भाद्र १७ गते मंगलबारका दिन बिहान ८:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | पार्वती |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | तुलसी |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

श्री पुष्पकमल ओली

श्री तिलक रावल

श्री शिवराज गोसाईं

श्री सन्तोष सापकोटा

वरिष्ठ लेखा अधिकृत

CamScanner

मिति २०८२/०५/१७ गतेको कार्यपालिकाको १६५ औं बैठकमा पेस भएका प्रस्तावहरु

| क.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | पुर्व निर्णयहरुको समिक्षा सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको पूर्व निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा गरी कार्यालयलाई आवश्यक सुझाव दिने। | |
| २ | आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | आ.ब. २०८२/०८३ का आयोजना तथा कार्यक्रम कार्यान्वयनका गर्नको लागि स्वीकृत भएको खरिद योजना बमोजिम पुजिगत तर्फका ठेक्का प्रक्रियाद्धारा काम गरिने आयोजनाहरुको यथासिघ्र नापजाँच गरि ठेक्का आह्वान गर्ने साथै उपभोक्ता समितिद्धारा सञ्चालन हुने आयोजनाको हकमा समिति गठनका लागि सूचना आह्वान गरी पहिलो चौमासिक अवधिमा सबै आयोजना सम्झौता गरि सक्ने । | |
| ३ | पशु सेवा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२ सम्बन्धमा । | पशु सेवा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२ माथी विस्तृत रुपमा छलफल गरि स्वीकृति गर्ने । | |
| ४ | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयनमा लागत साझेदारीको प्रतिवद्धता सम्बन्धमा । | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयनका लागि यस त्रिवेणी गाउँपालिका छनोट भएमा परियोजना अन्तर्गत पुजीगत शिर्षक सम्बन्धी कुल लागतमा हुने लागत साझेदारीमा २० प्रतिशत लागत साझेदारीको प्रतिवद्धता कायम गर्ने सम्बन्धमा छलफल गर्ने । | |
| ५ | विविध सम्बन्धमा | क) आर्थिक सहयोग सम्बन्धमा<br>ख) सबै वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयवको क्षेत्र भित्रको बनमारा फडानी गरी आ- आफ्नो कार्यालय सफा सुग्घर गराउन सबै कार्यालयलाई निर्देशन दिने ।<br>ग) वडा अन्तर्गतका बजार क्षेत्र, खोला नाला सरसफाइ गर्न विशेष श्रम अभियान सञ्चालन गर्ने साथै वडामा बन्द भएका बाटाहरु तत्काल खुलाउन सम्भव भए सम्म जनप्रतिनिधि तथा कर्मचारीको उपस्थितिमा श्रम अभियान सञ्चालन गर्ने ।<br>घ) ब्याकहोलोडरको लागि सवारी चालक करारमा भर्ना लिनको लागि सूचना आह्वान गर्ने सम्बन्धमा । | |

२०८२/०५/१८

## निर्णयहरु

**निर्णय नं. १, प्रस्ताव नं. १ माथी छलफल गर्दा,** त्रिवेणी गाउँपालिकाको पूर्व निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा गरी आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि यथासिघ्र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २, प्रस्ताव नं. २ माथी छलफल गर्दा,** आ.ब. २०८२/०८३ का आयोजना तथा कार्यक्रम कार्यान्वयनका गर्नको लागि स्वीकृत भएको खरिद योजना बमोजिम पुजिगत तर्फका ठेक्का प्रक्रियाद्वारा काम गरिने आयोजनाहरुको यथासिघ्र नापजाँच गरि ठेक्का आह्वान गर्ने साथै उपभोक्ता समितिद्वारा सञ्चालन हुने आयोजनाको हकमा समिति गठनका लागि सूचना आह्वान गरी पहिलो चौमासिक अवधिमा सबै आयोजना सम्झौता गरि सक्ने ।

**निर्णय नं. ३, प्रस्ताव नं. ३ माथी छलफल गर्दा,** पशु सेवा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२ को मस्यौदा माथी विस्तृत रुपमा छलफल गरि संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४, प्रस्ताव नं. ४ माथी छलफल गर्दा,** जलबायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयनका लागि यस त्रिवेणी गाउँपालिका छनोट भएमा परियोजना अन्तर्गत पुजीगत शिर्षक सम्बन्धी कुल लागतमा हुने लागत साझेदारीमा ३० प्रतिशत लागत साझेदारीको प्रतिबद्धता कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५, प्रस्ताव नं. ५ माथी विविध विषयमा छलफल गर्दा, तपशिल बमोजिमको निर्णय गरियो**

**तपसिल**

क) त्रिवेणी गाउँपालिका वडा नं. ४ स्थायी घर भएका श्री तिलक बहादुर थापाको घर अविरल वर्षातको कारण भत्किन गइ क्षति भएको हुँदा तत्काल व्यवस्थापनका लागि रु.१००००। आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

ख) त्रिवेणी गाउँपालिका वडा नं. २ स्थायी घर भएका क्यान्सर पिडित श्री खुम बहादुर पुनलाई उपचारमा सहुलियतका लागि रु.१००००। अक्षरुपि दश हजार उपलब्ध गराउने निर्णय गरियो ।

ग) सबै वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयको क्षेत्र भित्रको बनमारा फडानी गरी आ- आफ्नो कार्यालय सफा सुग्घर गराउन सबै कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

घ) वडा अन्तर्गतका बजार क्षेत्र, खोला नाला सरसफाइ गर्न विशेष श्रम अभियान सञ्चालन गर्ने साथै वडामा बन्द भएका बाटाहरु तत्काल खुलाउन सम्भव भए सम्म जनप्रतिनिधि तथा कर्मचारीको उपस्थितिमा श्रम अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

ङ) ब्याकहोलोडर सञ्चालनको लागि सवारी चालक करारमा भर्ना लिनको लागि सूचना आह्वान गर्ने निर्णय गरियो ।

च) प्रदेश तथा स्थानीय सरकार सबलीकरण कार्यक्रम(PLGSP) को लागत साझेदारीमा स्थानीय तहले सेवा करारमा लिई कार्य गर्ने सूचना प्रविधि अधिकृतको पारिश्रमिक तथा सेवा सुविधाका लागि यस कार्यक्रमबाट सोध भर्ना बापत पठाईने रकम समबन्धी शर्त अन्तर्गत महंगी भत्ताको समेत व्यवस्था भएको हुँदा आ.ब. २०८२/०८३ मा महंगी भत्ता भुक्तानी दिने निर्णय गरियो ।

२०८२/०२/१५